## गौर हत्याकाण्ड पीडित संघर्ष समिति र नेपाल सरकार, गृह मन्त्रालयबीच भएको सहमति

मिति २०६३ साल चैत्र ७ गते रौतहट जिल्लाको गौरमा भएको घटनामा परी मृत्यु तथा घाइते भएका व्यक्तिहरुका सन्दर्भमा आन्दोलनरत गौर हत्याकाण्ड पीडित संघर्ष समिति र नेपाल सरकार, गृह मन्त्रालयबीच आज मिति २०८० श्रावण २३ गते निम्नानुसारको सम्झौता भयो ।

१. उक्त घटनाको विषयमा तत् समयमा दर्ता भएका जाहेरी समेतलाई छानविन र अनुसन्धान गरी तथ्य र प्रमाणको आधारमा दोषीलाई कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउने,

२. मिति २०६३ चैत्र ७ गतेको गौर घटनामा मृत्यु भई नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०६५ पौष ९ गतेको बैठकबाट शहीद घोषणा गरिएका व्यक्तिको विवरण नेपाल राजपत्रमा प्रकाशन गर्ने । उक्त घटनामा मृत्यु भएका तर शहीद घोषणा हुन छुट भएका मृतकहरुका हकमा शहीद घोषणाको प्रकृया अगाडी बढाउने,

३. गौर घटनामा परी मृत्यु भएका व्यक्ति (शहीद)हरुको स्मृतिमा रौतहट जिल्लामा शहीद स्मारक स्तम्भ निर्माण गर्ने कार्यको प्रक्रिया यसै आ.व.मा अगाडी बढाउने,

४. उक्त घटनामा परेर घाइते भएका उपचाररत व्यक्तिको लागि उपचारको उचित प्रबन्ध गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने र आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा अनुरोध गर्ने,

५. सो घटनाको छानविन र कारवाहीको माग सहित गौर हत्याकाण्ड पीडित संघर्ष समितिले गरेका आन्दोलनक सबै कार्यक्रम तत्काल अन्त्य गर्ने ।

| नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट | गौर हत्याकाण्ड पीडित संघर्ष समितिको तर्फबाट |
|---|---|
| नामः नारायण प्रसाद भट्टराई<br>पदः सहसचिव/प्रवक्ता, गृह मन्त्रालय<br>हस्ताक्षरः<br>मितिः २०८०/०४/२३ | नामः रुपसागर देवी उपाध्याय, चौधीमाई न.पा.-८, रौतहट<br>पदः अध्यक्ष<br>हस्ताक्षरः<br>मितिः २०८०/०४/२३ |

रोहबरः

१. उपसचिव उमाकान्त अधिकारी, गृह मन्त्रालय ।

२. उपसचिव(कानून) श्रीकृष्ण पौडेल, गृह मन्त्रालय ।

३. प्रहरी उपरीक्षक, सुवास चन्द्र बोहरा, गृह मन्त्रालय ।

रोहबरः

१. उपेन्द्र प्रसाद साह, माध न.पा.-५, रौतहट

रोकैया खातुन, परोहा रौतहट